**अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी**

**निर्देशिका, २०७८**

**प्रस्तावनाः**

मुद्दाको कारवाही प्रकृयामा सूचना प्रविधिको प्रयोगमार्फत न्याय सम्पादनको कार्यलाई छिटो छरितो, प्रभावकारी एवम् पहुँचयोग्य बनाउन श्रव्यदृश्य संवादको प्रयोग र सञ्चालन सम्बन्धमा आवश्यक प्रकृया निर्धारण गर्न बाञ्छनीय देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १६४ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८**" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो निर्देशिकाको पालना गर्नु सम्पूर्ण अदालत तथा न्यायाधीश, कर्मचारी, सरकारी वकील, कानून व्यवसायी, मुद्दाका पक्ष एवम् सरोकारवाला सबैको दायित्व हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) **"कानून"** भन्नाले तत्काल प्रचलित कानून सम्झनुपर्छ।

(ख) **"अदालत"** भन्नाले सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालत सम्झनुपर्छ। सो शब्दले अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरण समेतलाई जनाउँनेछ।

(ग) **"इजलास"** भन्नाले मुद्दाको कारवाही, सुनुवाई र फैसला हुने स्थानलाई सम्झनु पर्छ। सो शव्दले श्रव्यदृश्य संवादद्वारा मुद्दाको सुनुवाई गर्ने न्यायाधीश, न्यायाधिकरणका सदस्य तथा अधिकारप्राप्त अधिकारी रहने अन्य स्थान समेतलाई जनाउँछ।

(घ) **"न्यायाधीश"** भन्नाले मुद्दाको कारवाही, सुनुवाई तथा किनारा गर्ने अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ।

(ङ) **“मुद्दा”** भन्नाले देवानी तथा फौजदारी मुद्दा सम्झनुपर्छ र सो शब्दले रिट निवेदन लगायत अन्य निवेदन समेतलाई जनाउँछ।

(च) **“श्रव्यदृश्य संवाद”** -Video Conference_ भन्नाले इजलास, सरकारी वकील, कानून व्यवसायी लगायत मुद्दाका पक्षहरु ईन्टरनेटको प्रयोग गरी श्रव्यदृश्यको माध्यमबाट जोडिई गरेको संवादलाई सम्झनुपर्छ। साथै, सो शव्दले श्रव्यदृश्य संवाद हुन नसकेको अवस्थामा गरिने टेलिफोन संवाद (टेली कन्फरेन्स) समेतलाई जनाउँछ।

(छ) **“मुद्दाको सुनुवाई"** भन्नाले मुद्दामा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) को प्रयोग मार्फत गर्न सकिने दफा ४ बमोजिमका कार्य सम्झनुपर्छ।

(ज) **“भित्री कक्ष”** भन्नाले श्रव्यदृश्य संवाद मार्फत् मुद्दाको सुनुवाई गर्न न्यायाधीश रहने स्थान लगायत श्रव्यदृश्य व्यवस्थापन कक्ष समेत सम्झनुपर्छ।

(झ) **“बाहिरी कक्ष”** भन्नाले श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुने सरकारी वकिल, कानून व्यवसायी, मुद्दाका पक्ष र मुद्दाका सरोकारवाला व्यक्ति रहेको ठाँउ सम्झनुपर्छ।

## परिच्छेद—२

## श्रव्यदृश्य संवादको प्रयोग तथा तत्सम्बन्धी कार्यविधि

**३.** <u>श्रव्यदृश्य संवादको पूर्व तयारीः</u> (१) अदालतमा श्रव्यदृश्य संवादको प्रयोगका लागि देहायबमोजिम पूर्व तयारी गर्नुपर्नेछः

(क) भित्री कक्ष र बाहिरी कक्षको लागि देहाय बमोजिमको समन्वयकर्ता र सम्पर्क व्यक्ति तोक्ने,

(अ) सर्वोच्च अदालतको हकमा मुद्दा हेर्ने रजिस्ट्रार वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी समन्वयकर्ता र सूचना प्रविधि महाशाखाका कर्मचारी सम्पर्क व्यक्ति,

(आ) उच्च अदालतको हकमा रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकृत स्तरको कर्मचारी समन्वयकर्ता र सूचना प्रविधि शाखाका कर्मचारी सम्पर्क व्यक्ति,

(इ) जिल्ला अदालतको हकमा श्रेस्तेदार वा श्रेस्तेदारले तोकेको अधिकृत स्तरको कर्मचारी समन्वयकर्ता र सूचना प्रविधि शाखाका कर्मचारी सम्पर्क व्यक्ति,

(ई) सरकारी वकिलको हकमा सम्वन्धित सरकारी वकिल कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी,

(उ) कारागारमा रहेको व्यक्तिको हकमा कारागार प्रमुख वा निजले तोकेको कर्मचारी,

(ऊ) हिरासतमा रहेको व्यक्तिको हकमा सम्बन्धित अनुसन्धान अधिकारी,

(ए) बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुख वा निजले तोकेको कर्मचारी,

(ऐ) अस्पतालमा उपचाररत व्यक्तिको हकमा सम्बन्धित अस्पताल प्रमुख, डाक्टर वा निजले तोकेको विज्ञ कर्मचारी,

(ओ) विशेषज्ञका हकमा अदालतले आदेश दिएको सम्बन्धित विशेषज्ञ,

(औ) कानून व्यवसायीको हकमा सम्बन्धित कानून व्यवसायी,

(अं) अन्य व्यक्तिको हकमा अदालतले तोकेको जिम्मेवार व्यक्ति,

(अः) परीक्षण गर्नुपर्ने व्यक्ति विदेशमा रहेको भए सम्बन्धित देशमा रहेको नेपाली दुतावास।

(ख) समन्वयकर्ता तथा सम्पर्क व्यक्तिको सम्पर्क नं र इमेल ठेगाना सम्बन्धित अदालतले वेवसाइट तथा सूचना पाटीमा प्रकाशन गर्ने,

(२) उपदफा (१) बमोजिमको समन्वयकर्ता तथा सम्पर्क व्यक्तिले भित्री कक्ष र बाहिरी कक्षको लागि आवश्यक पर्ने अनुसूची १ मा उल्लेखित उपकरणहरुको परीक्षण गरी सुनुवाई हुनुभन्दा कम्तिमा एक घण्टा अगावै सम्पूर्ण तयारी पूरा गर्नुपर्नेछ।

(३) मुद्दाको सुनुवाईमा संलग्न हुनुपर्ने व्यक्ति कारवाही प्रारम्भ हुनुभन्दा आधा घण्टा अगाडि नै बाहिरी कक्षमा उपस्थित भैसक्नुपर्नेछ। भित्री कक्षमा रहने न्यायाधीश एवम् कर्मचारी सुनुवाई शुरू हुनुभन्दा पन्ध्र मिनेट अगाडि नै श्रव्यदृश्य संवादको लागि भित्री कक्षमा उपस्थित हुनुपर्नेछ।

(४) श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई हुँदा बाहिरी कक्षमा मुद्दासँग सम्बन्धित बाहेक अन्य व्यक्तिलाई प्रवेश निषेध गर्नुपर्नेछ।

(५) मुद्दाको सुनुवाईमा सहभागी हुँदा भौतिक उपस्थितिमा इजलासमा गरिने सरहको आचरण र व्यवहार प्रदर्शित गर्नुपर्नेछ। श्रव्यदृश्य संवादमा प्रयोग भएको भित्री कक्षमा बाहेक वाहिरी कक्षमा कुनै उपकरणबाट अभिलेखिकरण (recording) गर्न वा छवीचित्र खिच्न पाइने छैन।

(६) श्रव्यदृश्य संवादको प्रभावकारी सञ्चालन गर्नका लागि सफ्टवेयर, संवादको लागि प्रयोग हुने लिङ्क, भिडियो क्यामराको प्रयोग तथा सोको नियमन र व्यवस्थापन भित्री कक्षको समन्वयकर्ता र सम्पर्क व्यक्तिले गर्नेछ।

(७) कुनै पक्षलाई वैतनिक कानून व्यवसायी वा अनुवादक आवश्यक पर्ने भएमा समन्वयकर्ता वा सम्पर्क व्यक्तिको ई-मेल ठेगानामा मुद्दाको सुनुवाई हुने दिनभन्दा सामान्यतया एक दिन अगाडि निवेदन दिनु पर्नेछ। यसरी निवेदन प्राप्त भएमा सोको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ।

(८) सामान्यतः बाहिरी कक्षको व्यवस्थापन सम्बन्धित पक्ष, सरकारी वकिल, कानून व्यवसायी वा सरोकारवाला आफैले गर्नुपर्नेछ।

तर, काबुबाहिरको परिस्थिति परी आफैले व्यवस्थापन गर्न नसक्ने व्यहोरा अनुरोध भई आएमा सम्बन्धित बार एसोसिएसन वा अदालतले आवश्यक सहजीकरण गर्न सक्नेछ।

४. **<u>श्रव्यदृश्य संवाद मार्फत गर्न सकिने कार्यहरुः</u>** (१) मुद्दाको कारवाही सम्बन्धी देहायका कार्यहरूमा श्रव्यदृश्य संवादको प्रयोग गर्न सकिनेछः

(क) प्रचलित कानून बमोजिम जारी गरिने पक्राउ अनुमति,

(ख) जरुरी पक्राउ पूर्जीको स्वीकृति,

(ग) हिरासतमा वा निगरानी कक्षमा राख्ने आदेश,

(घ) थुनछेक सम्बन्धी कार्य,

(ङ) वयान,

(च) वकपत्र,

(छ) बहस पैरवी,

(ज) श्रव्यदृश्य संवाद मार्फत् गर्न सकिने अन्य कार्यहरू।

(२) कुनै मुद्दाको सुनुवाई श्रव्यदृश्य संवाद मार्फत गर्ने वा नगर्ने विषयको निर्धारण सम्बन्धित अदालत गर्नेछ।

**५. <u>श्रव्यदृश्य संवाद सम्बन्धी कार्यविधि:</u>** (१) कुनै मुद्दामा दफा ४ बमोजिम श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाइ गर्ने गरी अदालतले आदेश दिएमा वा सरकारी वकील, मुद्दाको कुनै पक्ष वा निजको कानून व्यवसायी वा मुद्दाको कारवाहीमा संलग्न हुनुपर्ने कुनै व्यक्तिले मुद्दाको सुनुवाई श्रव्यदृश्य संवाद मार्फत गर्नका लागि अदालतमा अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिएमा त्यस्तो मुद्दाको सुनुवाई श्रव्यदृश्य संवाद मार्फत गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिका लागि दिने निवेदन मुद्दा दर्ता गर्दा वा मुद्दा कारवाहीको जुनसुकै अवस्थामा पनि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा पक्षले इमेल ठेगाना र प्रयोगमा रहेको मोवाइल नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ। कुनै कारणबश तत्काल उल्लिखित विवरण उपलव्ध गराउन नसकेको भए मुद्दा सुनुवाईको लागि पेश हुने दिन भन्दा कम्तिमा एक दिन अगावै अदालतले उपलव्ध गराएको ई-मेल ठेगानामा अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ।

(४) कुनै पक्षले श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्न निवेदन दिएमा अदालतले सोको जानकारी अर्को पक्षलाई गराउनु पर्नेछ। त्यस्तो पक्षले पनि श्रव्यदृश्य मार्फत मुद्दाको सुनुवाई गर्न मन्जुर गरेमा श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अर्को पक्षले श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्न मन्जुर नगरेमा श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्न चाहने पक्षलाई सो मार्फत र नचाहने पक्षलाई भौतिक उपस्थितिमा मुद्दाको सुनुवाई गर्ने अनुमति दिन सकिनेछ।

(६) उपदफा (१) बमोजिम श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई हुने भएमा भित्री कक्ष र बाहिरी कक्षको लागि तोकिएका सम्बन्धित समन्वयकर्ता र सम्पर्क व्यक्तिले सो को आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ।

(७) उपदफा (१) बमोजिम श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्नको लागि अदालतबाट तोकिएको दिन, समय र स्थानमा सम्बन्धित व्यक्तिहरू उपस्थित हुनुपर्नेछ।

(८) श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्दा अदालतको कार्यालय समयमा गर्नु पर्नेछ। तर, सनुवाई प्रारम्भ भैसकेपछि विशेष अवस्था देखेमा इजलासले कार्यालय समयभन्दा पछि पनि कारवाहीलाई निरन्तरता दिन सक्नेछ।

(९) श्रब्य दृश्य संवाद मार्फत मुद्दाको सुनुवाईमा संलग्न हुने व्यक्तिको पहिचान गर्ने कार्य अदालतको समन्वयकर्ताले गर्नेछ।

(१०) अदालतले श्रव्यदृश्य संवाद मार्फत वयान, प्रमाणको परीक्षण, साक्षी तथा बिशेषज्ञको बकपत्र लगायत मुद्दाको सुनुवाई गर्दा मुद्दाको पक्ष, पक्षहरूको कानून व्यवसायी र अदालतको प्राविधिक कर्मचारी समेत सरिक हुनुपर्नेछ।

(११) अदालतले श्रव्यदृश्य मार्फत मुद्दाको सुनवाई गर्दा मुद्दाको बिषय, पक्षहरुको उमेर तथा शारीरिक अवस्था समेतलाई विचार गरी प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्नुपर्ने देखिएमा सो अनुरुप गर्नु पर्नेछ।

(१२) श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्दा श्रव्यदृश्य संवादको व्यहोरा अदालतले अभिलेखीकरण गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम तयार भएको अभिलेख सहितको मुचुल्का समेत तयार गरी व्यहोरा खुलाई न्यायाधीश र अदालतमा उपस्थित भएसम्मका मुद्दाका पक्ष, कानून व्यवसायी र सरकारी वकीलको सहीछाप गराई प्रमाणित गरी राख्नु पर्नेछ।

६ **<u>श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गरिने मुद्दाको पेशी तथा वहस व्यवस्थापनः</u>** (१) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गरिने मुद्दाका पक्षलाई दफा (५) को उपदफा (३) बमोजिमको ईमेल ठेगानामा सुनुवाई हुनुभन्दा सामान्यत एक दिन अगाडि सुनुवाई हुने समय निर्धारण गरी श्रव्यदृश्य संवाद गर्ने लिङ्क उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतले उपलब्ध गराएको लिङ्क त्यस्तो पक्षले अन्य कसैलाई उपलव्ध गराउन पाउने छैन। लिङ्क उपलव्ध नगराइएको कुनै व्यक्तिले अनधिकृत रुपमा सुनुवाई कक्षमा प्रवेश गरेको पाइएमा अदालतले त्यस्तो व्यक्तिलाई संवादबाट वाहिर हटाउनेछ।

(३) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गरिने मुद्दा पेश हुने दिन र समय निर्धारण सहितको विवरण साप्ताहिक पेशी सूचीमा छुट्टै सूचीको रुपमा प्रकाशन गर्न सकिनेछ।

(४) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दाको पेशी नियमानुसार स्थगन गर्न चाहने पक्ष वा कानून व्यवसायीले साप्ताहिक पेशी सूचीमा नै स्थगनका लागि निवेदन दिनु पर्नेछ। सामान्यतः दैनिक पेशी सूचीबाट यस प्रकारको मुद्दाको सुनुवाई स्थगित गरिने छैन।

(५) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दा वा निवेदनको विषय, प्रकृति र अन्तरनिहित कानुनी प्रश्नको आधारमा बहस वा छलफलको लागि उपयुक्त समयको निर्धारण गरी सम्बन्धित पक्ष वा कानुन व्यवसायीलाई सोको जानकारी गराउन सकिनेछ।

(६) धेरै कानुन व्यवसायी मुकरर भएको पक्षको तर्फबाट निर्धारित समयभित्र सबै कानून व्यवसायीले बहस गर्न समय अपुग हुने देखिएमा प्रमुख कानुन व्यवसायी (लिड लयर) वा निजले तोकेको कानुन व्यवसायीले मात्र श्रब्यदृश्य संवाद मार्फत बहस गर्ने गरी अन्य कानुन व्यवसायीले सुनुवाई हुने दिनभन्दा अगाडि नै इमेल मार्फत सम्बन्धित इजलास समक्ष लिखित बहस नोट पेश गर्नु पर्नेछ।

(७) मुद्दा सुनुवाईको क्रममा मिसिल संलग्न हुन नसकेको कुनै प्रमाण इजलास समक्ष प्रस्तुत गर्नुपर्ने भएमा सो प्रमाणको छवीचित्र उतार गरी इमेल मार्फत पठाउन सकिनेछ।

(८) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दाको पेशी सूचीमा निर्धारित गरिएको समयभित्र अनिवार्य रुपमा बहस पैरवी समाप्त गर्नु पर्नेछ। निर्धारित समयमा बहस पैरवी नसकिएमा स्वचालित रुपमा सम्पर्क विच्छेद हुन सक्नेछ।

(९) श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई हुँदा वाहिरी कक्षमा अनधिकृत व्यक्तिको प्रवेश देखिएमा वा अनुचित आचरण वा व्यवहार गरेको पाइएमा इजलासले सो लिङ्कसंगको सम्पर्क विच्छेद गर्न सक्नेछ।

(१०) श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दामा कानुन व्यवसायीको वकालनामा संलग्न नरहेको भएमा पक्ष वा कानून व्यवसायीले इमेलद्वारा वकालतनामाको छवीचित्र पेश गरेमा वा कानून व्यवसायी नियुक्त गरेको व्यहोरा श्रव्यदृश्य संवादमा अभिलेखीकरण गराएमा कानून व्यवसायी नियुक्त गरेको मानिनेछ।

७. **<u>श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई सम्बन्धी विशेष व्यवस्था:</u>** (१) देहायको कुनै अवस्थामा अदालतले श्रव्यदृश्य संवादबाट मात्र मुद्दाको सुनुवाई गर्न सक्नेछः

(क) महाव्याधी लगायतका विषम परिस्थितिमा हुने मुद्दाको सुनुवाई,

(ख) तीन दिन वा सो भन्दा बढी अवधिको लागि अदालत बन्द रहने भई प्रचलित कानून बमोजिम गर्नुपर्ने मुद्दाको सुनुवाई।

(२) अदालतले पक्राउ अनुमति, जरूरी पक्राउ पूर्जीको स्वीकृति, हिरासत वा निगरानी कक्षमा राख्ने आदेश लगायतका काम कारवाहीहरू श्रव्यदृश्य संवादबाट मात्र सुनुवाई गर्ने गरी व्यवस्था गर्न सक्नेछ।

(३) मुद्दाको प्रकृति र अवस्थालाई विचार गरी अदालतले कुनै मुद्दामा श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गर्नका लागि आदेश दिन सक्नेछ।

## परिच्छेद — ३

## आचरण सम्बन्धी व्यवस्था

८. <u>**श्रव्यदृश्य संवाद गर्दा पालन गर्नुपर्ने आचरणहरू:**</u> (१) न्यायाधीश, अदालतका कर्मचारी, सरकारी वकील, मुद्दाको पक्ष, कानून व्यवसायी, साक्षी, विशेषज्ञ तथा श्रव्यदृश्य संवादमा संलग्न हुने व्यक्तिले इजलासको मर्यादाको पूर्ण पालना गर्नुपर्नेछ।

(२) श्रव्यदृश्य संवादमा संलग्न हुँदा कानून व्यवसायीले निर्धारित र पक्षहरुले मर्यादित पोशाक लगाउनु पर्नेछ।

(३) मुद्दाको पक्ष, साक्षी, बिशेषज्ञ, कानून व्यवसायी, अदालतका कर्मचारी तथा श्रव्यदृश्य संवादसँग सम्बन्धित व्यक्तिहरुले आफ्नो परिचय खुल्ने परिचयपत्र वा विवरण सहित श्रव्यदृश्य संवादमा सहभागी हुनु पर्नेछ।

(४) मुद्दाको सुनुवाई हुँदा श्रव्यदृश्य संवाद कक्षको वातावरण शान्त र सुरक्षित हुनेगरी आवश्यक अन्य व्यवस्था मिलाउनुपर्नेछ।

(५) श्रव्यदृश्य संवादको माध्यमबाट मुद्दाको कारवाहीमा संलग्न हुने व्यक्ति अदालतले तोकेको स्थानमा निर्धारित समयमा उपस्थित हुनु पर्नेछ। इजलासको अनुमति विना बाहिरी कक्षमा सम्बन्धित व्यक्ति वाहेक अन्य व्यक्तिलाई सहभागी गराउन पाइने छैन।

(६) मुद्दाको पक्ष, सरकारी वकिल, कानून व्यवसायी, साक्षी, विशेषज्ञ तथा मुद्दाको कारवाहीमा संलग्न हुने अन्य सम्बन्धित व्यक्तिहरुले इजलासले निर्धारण गरेको समय पालना गरी सहभागी हुनु पर्नेछ। अन्य समयमा आफुले प्रयोग गरेको उपकरणको माइक्रोफोन बन्द गरिराख्नु पर्नेछ।

(७) श्रव्यदृश्य संवादमा संलग्न हुने व्यक्ति मुद्दाको सुनुवाई अन्त्य नहुदासम्म अनलाईनमा नै रहिरहनु पर्नेछ।

(८) मुद्दाको सुनुवाई भैरहेको अवस्थामा मोबाइल फोन वा अन्य उपकरणहरुको प्रयोग वा मुद्दाको काम वाहेक अन्य काम गर्नुहुदैन। तर, यस व्यवस्थाले मोबाईल फोनमार्फत ईन्टरनेटको प्रयोग गरी श्रव्यदृश्य संवादमा जोडिने कार्यलाई प्रतिबन्ध लगाएको मानिने छैन।

(९) कुनै किसिमको प्राविधिक कारणबाट श्रव्यदृश्य मार्फत भैरहेको मुद्दाको सुनुवाई अवरुद्द हुन गएमा पक्षहरुले उपलव्ध गराएको सम्पर्क नम्वरमा टेलिफोन संवाद मार्फत वहस व्यवस्थापन गर्न वा नियमानुसार अर्को मिति तोकी समय निर्धारण गरी सुनुवाईलाई निरन्तरता दिन सकिनेछ।

(१०) इजलासको मर्यादा र मुद्दाको सुनुवाईका सन्दर्भमा पालन गर्नुपर्ने अन्य मर्यादा र आचरण श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई हुँदा समेत लागु हुनेछन्। त्यसको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

## परिच्छेद — ४

## विविध

९. **<u>मुद्दाका पक्ष वाहेकका व्यक्तिको उपस्थितिः</u>** (१) बन्द इजलासमा सुनुवाई गर्नुपर्ने मुद्दा बाहेक अन्य मुद्दाको सुनुवाईमा पक्ष वाहेक अन्य व्यक्तिलाई समेत श्रव्यदृश्य संवादमा सहभागी हुन अदालतले अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिएमा त्यस्तो व्यक्तिलाई श्रव्यदृश्य संवादको भित्री वा वाहिरी कक्षमा उपस्थित हुने वा लिङ्कमार्फत सहभागी हुने आवश्यक प्रबन्ध अदालतले मिलाउनेछ।

१०. **<u>जानकारी गराउनुपर्नेः</u>** श्रव्यदृश्य मार्फत मुद्दाको सुनुवाई भई इजलासले गरेको आदेश वा अन्य कारबाहीको जानकारी सम्बन्धित पक्षलाई अदालतले ईमेल मार्फत गराउनुपर्नेछ।

११. **<u>प्रयोगकर्ता सहयोगी दिग्दर्शन (USER MANUAL) सम्बन्धी व्यवस्थाः</u>** श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाईको लागि सफ्टवेयर डाउनलोड गर्ने, सम्बन्धित लिङ्कमा सम्बन्ध स्थापित गर्ने र

प्रयोग गर्ने तरिकासहितको प्रयोगकर्ता सहयोगी दिग्दर्शन बनाई अदालतले प्रयोगकर्ताको सुविधाको लागि सम्बन्धित अदालतको वेवसाइटमा राख्न वा इमेलमार्फत सम्बन्धित पक्षलाई पठाउन सक्नेछ।

१२. **<u>कार्यविधि सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) श्रव्यदृश्य संवादको माध्यमबाट मुद्दा सुनुवाईका सम्बन्धमा आवश्यक देखिएको अन्य प्रकृया वा तत्सम्बन्धी व्यवस्थापन सम्बन्धित अदालतले गर्न सक्नेछ।

(२) श्रव्यदृश्यको माध्यमबाट मुद्दाको सुनुवाई गर्दा यस निर्देशिकाका अतिरिक्त मुद्दाको कारवाहीका सम्बन्धमा प्रचलित कानून बमोजिमको कार्यविधिको पालना गर्नु पर्नेछ।

## अनुसूची–१

श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) का लागि चाहिने उपकरण तथा पूर्वाधारहरु

१. कार्यवातावरण सहितको उपयुक्त कक्ष,

२. इन्टरनेटको सुविधा सहितको कम्प्युटर ÷ ल्यापटप र प्रिन्टर,

३. भिडियो क्यामेरा,

४. डिस्प्ले मनिटर,

५. माईक्रोफोन र स्पिकर,

६. विद्युत आपूर्तिमा अवरोध नआओस् भन्नाको लागि वैकल्पिक उर्जाको व्यवस्था,

७. आवश्यक हार्डवेयर तथा सफ्टवेयर ,

८. कागजात देखाउन वा पढ्न मिल्ने उपकरण (Document visualizer) सरकारी वकील वा वार एसोसिएसन लगायतका संस्थाहरुबाट व्यवस्था गरिएको भएमा मात्र),

९. न्यूनतम् २ Mbps bandwidth क्षमताको ईन्टरनेटको व्यवस्था।

## अनुसूची — २

(दफा ५(१) सँग सम्बन्धित)

श्रव्यदृश्य संवादको अनुमतिको लागि पेश गर्ने निवेदनको ढाँचा

................... .............अदालतमा चढाएको निवेदन पत्र

विषयः **श्रव्यदृश्य संवाद मार्फत सुनुवाई सम्बन्धमा**।

..........................................................................................निवेदक

विरुद्ध

........................................................................................विपक्षी

**मुद्दाः**

**मुद्दा नं.:**

म/ हामी निम्न निवेदन गर्दछौं।

................ वादी ........................ प्रतिवादी भएको ............................. मुद्दामा

हिरासतमा राख्ने आदेश/ थुनछेक/ वयान/वकपत्र/वहस पैरवीसमेतका कार्य श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गर्न इच्छुक भएकोले यो निवेदन गर्दछु। श्रव्यदृश्य संवादको प्रयोगको लागि मेरो विवरण देहाय बमोजिम रहेकोछ।

१. सम्पर्क नं.

२. वैकल्पिक सम्पर्क नं.

३. इमेल ठेगानाः

लेखिएको व्यहोरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

ईति सम्वत ...... साल ....... महिना ........ गते रोज ....... शुभम्।

**द्रष्टव्यः** निवेदन दिँदा श्रव्यदृश्य संवादमार्फत मुद्दाको सुनुवाई हुन सक्ने दफा ४ बमोजिम माथि उल्लेख भएका एक वा एकभन्दा बढी मुद्दाको कारवाही सम्बन्धी कार्यको लागि श्रव्यदृश्य संवादको प्रयोग गर्न चाहेको हो प्रत्येक कार्यमा स्पष्ट संकेत गर्नुपर्नेछ।